# मिति २०८२।०५।२३ गतेको प्रथम कार्यपालिका बैठकको मुख्य निर्णयहरु

१. यस नगरपालिका अन्तर्गत चालु आ व मा संचालन हुने तपशील बमोजिमका योजनाहरुका लागि आवश्यक पर्ने Electrical and electronics सम्वन्धी विज्ञ जनशक्ति नगरपालिकामा नभएको हुँदा सो विषयसंग सम्वन्धित कार्यहरु गर्नका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ (१क) बमोजिम बार्षिक रु १ लाखमा पारिश्रमिक नबढ्ने गरि इलाम नगरपालिका वडा नं ७ बस्ने Electrical and electronics इन्जिनियर श्री घनेन्द्र भण्डारीबाट विशेषज्ञ परामर्श सेवा खरिद गर्ने ।

२. वातावरणमैत्री स्थानीय शासन संचालन कार्यविधी, २०८० बमोजिम वातावरणमैत्री वडा घोषणा सम्वन्धी कार्यक्रम संचालनका लागि यस अघि वातावरणमैत्री वडा घोषणा भइसकेका वडा नं. २, ४ र ६ बाहेकका अन्य सम्पूर्ण वडाहरु वडा नं. १,३,५,७,८,९,१०,११ र १२ मा संचालन गर्ने गरि वातावरणमैत्री वडा घोषणा सम्बन्धी कार्य अघि बढाउने तथा सो कार्यका लागि १४९९६१०.७० (अक्षरेपी चौध लाख उनान्सय हजार छ सय दश रुपैया सत्तरी पैसा) को लागत अनुमान तथा पाना ३० (तीस) को कार्य सम्पादन शर्त स्वीकृत गर्ने निर्णय गरियो ।

३. इलाम नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र छानविन समितिको मिति २०८२।०५।०१ को निर्णय सहितको सिफारिस बमोजिम "घ" वर्गको नयाँ निर्माण व्यवसायीको इजाजत पत्र नामसारी गरि इजाजत पत्र उपलब्ध गराउने निर्णय गरीयो ।

४. प्राङ्गारिक कृषि प्रणाली बिस्तार कार्यक्रमको कार्यान्वयन सम्वन्धमा देहाय बमोजिमका कार्य गर्ने निर्णय गरियो।

देहाय

क. डिपिआर निर्माणका लागि सूचीकृत संस्थाबाट सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रस्ताव माग गर्ने

ख. नगर क्षेत्र भित्र उत्पादित चियाको अन्तराष्ट्रिय बजार प्रबर्द्धन गर्नका लागि यस क्षेत्रका टि अलायन्समा आबद्ध लगायतका चिया उत्पादकहरुका उत्पादनलाइ प्रबर्द्धन गर्न कार्यक्रम संचालन गर्ने तथा अन्तरकृया कार्यक्रम आयोजना गर्ने ।

५. एम्बुलेन्स सेवा सन्चालन कार्यविधी, २०८२ स्वीकृत गर्ने ।

६. बाँझो जग्गा व्यवस्थापन कार्यविधी, २०८२ स्वीकृत गर्ने ।

७. बीज वृद्धी कार्यक्रम अन्तर्गत फर्सि, काँक्रा, सिमी, अकबरे खोर्सानी लसुन बेसार रायो साग तीते करेला लगायत रैथाने र स्थानीय वीउ उत्पादन कार्यक्रम संचालन सम्वन्धमा उप प्रमुख उद्यमी तथा स्वरोजगारी सिर्जना कार्यक्रमबाट संचालन गर्ने ।

८. टेम्पो, अटोरिक्सा, ई-रिक्सा व्यवस्थापन कार्यविधी, २०८२ प्रदेश कानुन बमोजिम यकिन गरेर पछि पुन पेश गर्ने ।

९. भाँगो खेती प्रवर्द्धन र घरेलु मदिरा ब्रान्डिङ सम्वन्धी कार्यविधी निर्माणका लागि सरोकारवाला निकायहरु संग अन्तरकृया र समन्वय गर्न देहायको कार्यदल गठन गर्ने निर्णय गरियो ।

देहाय

उप- प्रमुख श्री विष्णु कुमारी लिम्बु दाहाल - संयोजक
आर्थिक विकास समिति संयोजक श्री काजी बहादुर श्रेष्ठ — सदस्य
कार्यपालिका सदस्य श्री बिरेन्द्र बहादुर राई - सदस्य

१०. रत्नचोक इन्टेक सांगरुम्बा सडक स्तरोन्नती (इन्टेक सांगरुम्बा खण्ड) योजनाको लागि सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा १३ बमोजिम तयार भएको बोलपत्र सम्बन्धि कागजातहरु सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ४७ बमोजिम स्वीकृत गरी बहुवर्षिय खरिद प्रक्रिया अगाडी वढाउने ।

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश, इलाम, नेपाल २०७३

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत